**आज मिति २०७८।०३।०९ गते जिल्ला न्यायाधिवक्ताको संयोजकत्वमा जिल्ला समन्वय समितिको बैठक बसि निम्न लिखित विषयहरुमा छलफल गरी निर्णय गरियो ।**

**उपस्थिति :**

१. संयोजक जिल्ला न्यायाधिवक्ता श्री केशवप्रसाद पन्त
२. सदस्य प्र.जि.अ. श्री गणेश आचार्य
३. सदस्य प्र.ना.उ. श्री हेरम्ब शर्मा
४. सदस्य सचिव श्री अनिल धामी

**आमन्त्रित अतिथी :**

१. माननीय जिल्ला न्यायाधीश श्री जगतबहादुर पौडेल

**आमन्त्रित :**

१. श्रेस्तेदार श्री कमलकुमार आचार्य
२. अध्यक्ष ( वार ईकाइ हुम्ला ) श्री मंगल शाही
३. मेडिकल अधिकृत श्री टसी लामा
४. अनुसन्धान अधिकृत श्री दामु पुन

**छलफलका विषयहरु :**

प्रस्ताव नं. १ : पुराना निर्णयहरुको समिक्षा सम्बन्धमा
प्रस्ताव नं. २ : समुदायमा सरकारी वकील कार्यक्रम संचालन सम्बन्धमा
प्रस्ताव नं. ३ : हेलो साक्षी कार्यक्रमका सम्बन्धमा
प्रस्ताव नं. ४ : मुद्दाको काम कारवाहीको अभिलेख व्यवस्थापन सम्बन्धमा
प्रस्ताव नं. ५ : कानूनी सचेतना अभिवृद्धि गर्न पारस्परिक सहयोग,समन्वय र सहकार्य गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ६ : अनुसन्धान र अभियोजनको क्रममा समेत स्वच्छ सुनुवाई अवलम्बन गर्ने सम्बन्धमा
प्रस्ताव नं. ७ : यस आ.व. मा कार्य सम्पादनको क्रममा आइपरेका समस्या र चुनौतिहरुको समिक्षा सम्बन्धमा ।

**निर्णयहरु:**

१. **प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दाः** यसभन्दा अगाडी भएको बैठकको समिक्षा गर्दा अभियोजन र अनुसन्धानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरेकै पाइयो । बालबालिका, जेष्ठ नागरिक र महिला भएको मुद्दामा अझ संवेदनशिल भएर अनुसन्धान अभियोजन गर्न जोड दिनुपर्ने आवश्यकता रहेको हुँदा त्यसतर्फ थप सक्रियतापूर्वक कार्यसम्पादन गर्ने निर्णय गरीयो ।

२. **प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दाः** यस आर्थिक वर्षको दोस्रो पञ्चवर्षिय रणनीतिक कार्ययोजना बमोजिम जेठ/असार महिनामा गर्नु पर्ने समुदायमा सरकारी वकील कार्यक्रम कोभिड-१९ महामारीबाट समयमै गर्न नसकिएको हुँदा यसै महिनाको १२ गते शनिबारको दिन नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य मापदण्ड अपनाई समुदायमा सरकारी वकील कार्यक्रम संचालन गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner

३. **प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा:** विगतका दिनहरुमा संचालन गर्दै आएको हेलो साक्षी कार्यक्रमलाई प्रभावकारी रुपमा सरकारी साक्षीहरुको अभिलेख तयार गरी साक्षीहरुलाई बकपत्र निम्ती बोलाउने गरी यस कार्यालयका सहायक कम्प्यूटर अपरेटर श्री पृथ्वी राज पन्तलाई जिम्मा दिने निर्णय गरियो । र जिल्ला प्रहरी कार्यालयलाई पनि सो सम्बन्धमा अनुरोध गरी उक्त कार्यलाई सक्रियतापूर्वक पालन गर्ने निर्णय गरियो ।

४. **प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा:** अनुसन्धानको क्रममा वयानको अभिलेख, म्याद थप, फरार प्रतिवादी तथा पेशी लगायतका रेकर्डलाई व्यवस्थित गरी अभिलेख तयार गरी मुद्दाको मासिक प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

५. **प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल गर्दा:** यस जिल्लामा कानूनी सचेतना कार्यक्रम गर्न उपर्युक्त भएकोले जिल्ला प्रहरी कार्यालय,जिल्ला सरकारी वकील कार्यलय तथा जिल्ला प्रशासन कार्यालय र स्थानीय निकाय विच सहकार्य गरी वार एकाई समेतको सहयोग लिई कानूनी सचेतना जस्ता कार्यक्रम आगामी आर्थिक वर्षमा सम्पन्न गर्न कार्य योजना बनाई सरोकारवाला निकाय संग समन्वय गर्ने , खास किसिमका मुद्धाहरुको प्रतिरक्षा तथा सहयोग गर्नको निम्ती यस जिल्लामा कानूनी सहायता परियोजनाले हाल कुनै पनि कार्यक्रम संचालन गरेको नदेखिएको हुँदा उक्त परियोजनालाई सक्रिय बनाउनु गर्ने अवस्था देखिएको हुँदा सो को लागि आवश्य पहल प्रभावकारी गर्न समन्वय गर्ने निर्णय गरीयो ।

६. **प्रस्ताव नं. ६ का सम्बन्धमा छलफल गर्दा:** नेपालको संबिधानले स्वच्छ सुनुवाईका सिद्धान्तहरुलाई स्विकार गरिसकेको अवस्थामा पीडित तथा प्रतिवादी दुवैलाई हिरासतमा रहदा अनुसन्धान गर्दा तथा थुनामा रहदा समेत निजका मानव अधिकारको संरक्षण गर्ने , निष्पक्ष सुनुवाई हुनु पर्ने मानोबोचित व्यवहार गर्नु पर्ने , सुनुवाई र प्रतिरक्षाको अधिकार रहेको हुँदा त्यस तर्फ सक्रियता पूर्वक सरोकारवाला निकायले कार्यसम्पादन गरेकै देखिएता पनि पीडितहरुको स्वच्छ सुनुवाईको अधिकारलाई अझ प्रभावकारी र व्यवस्थित बनाउन समुदायलाई समेत सचेत वानाउनु पर्ने भएकाले समुदायका जानकार व्यक्तिहरु संग आवश्यक अर्न्तरक्रिया आगामी वर्षमा समेत निरन्तर संचालन गर्ने निर्णय गरियो ।

७. **प्रस्ताव नं. ७ का सम्बन्धमा छलफल गर्दा:** अनुसन्धानको क्रममा देखा परेका समस्याहरुका सम्बन्धमा आवश्यक समन्वय गर्ने तथा अनुसन्धान र अभियोजनलाई प्रभावकारी , वस्तुनिष्ठ र बैज्ञानिक बनाई मुद्धाको सफलताको बढोत्तरी गर्न र निर्दोष नफसोस दोषी नउम्कियोस भन्ने कानूनी आदर्शको कार्यान्वियन गर्न सबै सरोकारवाला निकाय संग आवश्यक पहल गर्ने तथा ज्यान सम्बन्धी मुद्धा , जवरजस्ति करणी र जवरजस्ति करणी उद्योग जस्ता संवेदनशिल मुद्धामा यस जिल्लामा फोरेन्सिक एक्सपर्ट डक्टरको (मेडिको लिगल अफिसरको ) व्यवस्था नभएको हुँदा अनुसन्धानमा पीडितको स्वास्थ्य परीक्षणलाई बैज्ञानिक बनाउन आगामी दिनमा यस सम्बन्धमा पहल गर्ने तथा यहाँ कार्यरथ चिकित्सकहरुबाट थप सहयोग लिइ फौजदारी मुद्धामा प्रमाण संकलनलाई बस्तुनिष्ठ र बैज्ञानिक बनाउन सम्बद्ध पक्ष संग आपसी सहकार्य र समन्वय गर्ने निर्णय गर्ने निर्णय गरियो ।

Scanned with CamScanner